# स्थानीय राजपत्र


गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित

| खण्ड ३ | संख्या ५ | मितिः २०७६/०८/२० |
|---|---|---|


## भाग - २

## गोलन्जोर गाउँपालिका

## सूचना

**सम्वत् २०७६ सालको कार्यविधि संख्या ५**

# गोलन्जोर गाउँपालिकाको गरीवी निवारण कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६

**प्रस्तावनाः** नेपालको संविधान ०७२ को भाग १९ धारा २२९ को अनुसूची ८ को सि.न. ७,२१ मा भएको व्यवस्था र स्थनीय सरकार संचालन ऐन २०७४ परिच्छेद १३ को दफा ९७, र सोहि ऐनको परिचछेद ३ को दफा ११(ख)३,४,५,६ र ७ मा भएको व्यवस्था बमोजिम यस गाउँपालिका क्षेत्रमा भएको सरकारी तथा गैर सरकारी क्षेत्रको कोषको व्यवस्थित रुपमा संचालन गरी आयआर्जन,

रोजगारी लघु तथा मझौला उद्यम, व्यवसायलाइ प्रर्वद्धन गरी आम समुदायलाइ उद्यमशिलता तर्फ उन्मुख गराउदै समग्र गाउँपालिकामा गरिवी घटाउने दिगो आर्थिक विकास तथा आर्थिक वृद्धि दर कायमगरी समृद्ध गोलन्जोर निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यविधि जारी गरिएको छ ।

**पृष्ठभुमि** :गरिवी निवारण कोष ऐन २०६३ वमोजिम गठित गरिवी निवारण कोषले मितिः २०७४/०५/०१ मा सामुदायिक संस्थाको विवरण सहित कार्यक्रम यस गाउँपालिकामा हस्तान्तरण भएको वडा नं.१-७ वडामा रहेको कोषको रकमलाइ गाउँपालिकामा गरिवी निवारण तथा सामाजिक परिचालन विषेश कोष निर्माण गरी आगामी दिनमा यस गाउँपलिका क्षेत्रमा आयआर्जन, स्वरोजगार, लघुउद्यम, साना उधम, मझौला उद्यम र ठुला उद्यमहरुमा निश्चित व्याज दर निर्धारण गरी कोषको व्यवस्थापन, संचालन, परिचालन, व्याज दर निर्धारण, गाउँपालिकाद्वारा सो कोषमा छुट्याइएको बजेट, सरकारी तथा गैर सरकारी क्षेत्रको लागानीलाई एउटै डालोकोष निर्माण गरी परिचालन गरिने छ । यस कोषको रकम ग्रामिण समुदायको आम्दानी रोजगार वृद्धि हुने उत्पादनशिल आयमुलक क्षेत्रमा मात्र खर्च गरिने छ । यस कोषको रकम गाउँपालिकामा घुम्तीकोषको रुपमा परिचालन गरिने छ ।

दिर्घकालिन सोचः यस गाउँपालिका क्षेत्रमा रहेको आमगरिवी वेरोजगारी, न्युन आय सेवा बाट वंचितकरणमा परेका वा पारिएका समुदायलाइ विकासको मुलधारमा ल्याइ श्रोत साधनको न्यायोचित वितरण गरी विकासको मुलधारमा ल्याइ गाउँपालिका क्षेत्रमा रहेका आम समुदायलाइ गरिवीको दुष्चक्रबाट घटाउने दिर्घकालिन सोच रहेको छ ।

लक्ष्यः गरिवी निवारण तथा सामाजिक परिचालनको षको अधिकतम उपयोग परिचालन र लगानी मैत्री वातावरण मार्फत सार्वजनिक, निजी, सहकारी क्षेत्रको सयुंक्त लगानीमा आमसमुदायमा आयआर्जन स्वरोजगार उद्यमशिलता मार्फत लघु तथा साना उद्योग स्थापना गरी वजारसम्मको पहुच सुनिश्चित गरी आगामी पाँच वर्षमा समृद्ध गाउँपालिका बनाउने लक्ष्य रहेको छ ।

**उद्देश्यः**

१. गरिवी निवारण तथा साना सामाजिक परिचालन कोष स्थापना मार्फत उद्यम विकासका क्षेत्रगत कार्यक्रम संचालन गर्ने ।

२. गरिवमुखि नीती बनाई लगानी गर्ने ।

३. सरकारी तथा गैरसरकारी क्षेत्रको कोष व्यवस्थापन गरी लगानी परिचालन गर्ने ।

४. सरकारी, गैर सरकारी, सहकारी र नीजी क्षेत्रको लगानीलाई वृहतकोष निर्माण गरी उत्पादनशिल उद्यमशिल सहकारी क्षेत्रमा लगानी गरि दिगो विकास मार्फत, स्वरोजगार बनाउने ।

५. गाउँपालिकाको दिर्घकालिन सोच लक्ष्य, उद्धेश्य लाई कार्यान्वयन गर्ने ।

६. विकासमा समतामुलक लगानी गरी समानतामुलक समाज स्थापना गर्ने ।

७. सवै प्रकारका लगानीलाई नियमको दायरामा ल्याउन ।

८. स्थानीय श्रोत साधन सिप जनशक्तिलाई आयमूलक कार्यमार्फत सामाजीक आर्थिक, रुपान्तरण गरी सम्वृद्ध गाउँपालिका निर्माण गर्ने ।

९. गरीवहरुको लागि न्यून व्याजदरमा कर्जा सुनिश्चीत गरी उधमशील बनाउने ।

१०. कृषी, फल-फूल तथा पशुपालन क्षेत्रमा लगानी प्रर्वद्धन गर्ने ।

११. वायुमण्डलीय उष्णता हरितगृह प्रभाव, र जलवायु अनुकुलन सहित कृषी पशुपालन विकासको लागी कोष निर्माण गर्ने ।

१२. पछाडी परेको तथा पछाडी पारिएको समुदायको आयस्तर वृद्धि गरी सामाजिक आर्थिक उद्यमशिल क्षेत्रमा लगानी परिचालन गर्ने ।

१३. उन्नत मल विउ प्रविधि मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

१४. उत्पादनलाइ बजारसँग जोडने ।

१५. आर्थिक तथा सामाजिक रुपमा पिछडिएका गरीवीको रेखामुनी भएको महिला, दलीत, जनजाती, पिछडीएका वा शिमान्तकृत वर्ग, अतिगरिव श्रोत साधनवाट पछिपरेको वा पारिएका व्यक्ति वा समुदायलाई श्रोत सहितको सामाजिक परिचालन वा दैनीक क्रियाकलाप लाई उत्पादन शिल क्षेत्रमा लगाई आय आर्जन, स्वरोजगार, वृद्धी को लागी उद्यमशिलता तथा लघु साना मझौला उद्योग प्रति आकर्षीत आर्थिकबृद्धिदर कायम गर्ने ।

१६. स्थानीय श्रोत साधन सिपको अधिकतम उपयोग परिचालन गर्न ।

१७. गाउँपालिका क्षेत्रमा विगतमा लगानी भएको कोषको रकम व्यवस्थापन कानुनी दायरामा ल्याउने ।

१८. गाउँपालिका र सहकारी समुहको लगानी मा एकरुपता ल्याउन ।

१९. उत्पादनमुलक छिटो प्रतिफल योग्य कार्यक्रम छनौट देखि कार्यान्वयन गर्ने ।

२०. समावेशी विकास गर्ने ।

२१. समतामुलक विकास आर्थिक सामाजिक गर्दै समानता काम गर्ने ।

२२. वातावरण संरक्षण दिगो विकासको अवधारण कार्यान्वयनमा ल्याउन ।

## परिच्छेद–१

## परिभाषा

(क) कोष भन्नाले गरिवि निवारण कोष तथा सामाजिक विकास कोष २०७६५६ लाई जनाउछ ।

(ख) गाउँपालिका भन्नालेः गोलन्जोर गाउँपालिकालाई जनाउछ ।

(ग) सामाजिक विकास समिति भन्नालेः यस गाउँपालिकामा गठन भएको सामाजिक समितिलाई जनाउदछ ।

(घ) गाउँपालिका अध्यक्ष भन्नालेः यस गाउँपालिकाका अध्यक्षलाई जनाउदछ।

(ङ) उपाध्यक्ष भन्नालेः यस गाउँपालिकाका उपाध्यक्षलाई जनाउदछ।

(च) सामाजिक विकास संयोजकः भन्नाले यस गाउँपालिकाका सामाजिक विकास समितिका संयोजकलाई जनाउदछ।

(छ) प्रमुख प्रशासकीय अधिकृत भन्नालेः यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

(ज) निर्देशक समिति भन्नालेः यस गाउँपालिकामा यस कार्यविधि अनुसार गठन भएको समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद–२

## कोषको व्यवस्थापन

(क) गाउँपालिका आफनो श्रोतबाट जम्मा भएको रकम।

(ख) स्थानिय तहमा सरकारी तथा गैर सरकारी निकायबाट दिएको अनुदान तथा ऋण रकम।

(ग) स्थानिय तहमा सरकारी तथा गैर सरकारी निकायबाट हस्तान्तरण भई आएको सम्बन्धित शिर्षकको रकम ।

(घ) हाल सम्म गरिवी निवारण समुहबाट उठेको वा उठ्न सक्ने रकम।

(ङ) घुम्तीकोषबाट प्राप्त व्याजको रकम।

## परिछेद–३

## कोषको परिचालनः

(क) गरिवी निवारण संचालन तथा व्यवस्थापनको लागि गाउँपालिकामा एक डालो गरिवी निवारण कोष स्थापना गरिने छ।

(ख) कोषमा जम्मा भएको रकम प्रत्येक वडामा भएको विधमान सहकारी समुह वा नयाँ गठन हुने सहकारी वा समुह मार्फत घुम्ति कोषको रुपमा लगानी तथा असुली प्रकृया मार्फत परिचालन गरिने छ।

(ग) यस कोषबाट परिचान भएको रकमको व्याजदर १२ प्रतिशत हुने सो मध्ये ४ प्रतिशत व्यवस्थापन खर्च र बाँकी ८ प्रतिशत रकम सम्बन्धित सहकारीको कोषमा बचत हुनेछ।

(घ) कोषको परिचालन व्यवस्थापन तथा लगानीको सम्भाव्यताको क्षेत्रको पहिचान बारेमा गाउँपालिकामा गठन भएको निर्देशक समितिले समुदायको माग गाउँपालिकाको सोच लक्ष्य अनुसार आयमुलक रोजगारीमुलक तथा उत्पादनशिल क्षेत्रमा लगानी परिचालन गर्ने छ।

(ङ) कोषको परिचान गर्दा संस्था सदस्यको बचत ,व्याज र बोनस सम्बन्धित सहकारी वा संस्था सदस्यको व्यक्तिगत खातामा जम्मा गरिने र बाँकी रकम गाउँपालिकाको गरिवी निवारण तथा सामाजिक परिचतालन कोष मार्फत परिचालन गरिने छ।

(च) प्रत्येक वडा हाल रहेको विधमान कोषलाई जुन वडाबाट असुली भएको तत् वडामा नघटने गरी परिचालन गरिने।

(छ) हाल गरिवी निवारण कोष मार्फत घुम्ति कोषमा जम्मा भएको रकम भन्दा बाहेक गाउँपालिका आफै वा अन्य निकायबाट अब प्राप्त हुने रकम गाउँपालिकाको निर्देशक समितिले लगानी क्षेत्रको पहिचान गरि परिचालन गर्न सकिने छ।

(ज) गाउँपालिकाले स्थानीय श्रोत साधन समुदायको क्षमतालाई मध्ये नजर गरि सामाजिक परिचान सम्बन्धि विभिन्न कार्यक्रम तथा उधमशिल क्षेत्रमा समेत यो कोष परिचालन गर्न सक्ने छ।

(झ) यस कोषको परिचानको दायरामा आउनको लागि यस गाउँपालिका क्षेत्रमा विधमान अबस्थामा रहेका समुह सहकारी अनिवार्य रुपमा गाउँपालिकामा सूचिकृत गरेको हुनु पर्ने।

(ज) यस कोषको दायरामा आएका समुह सहकारीले बार्षिक रुपमा लेखापरिक्षण गरेको हुनु पर्ने छ । लेखापरिक्षण कम्पनी वा फर्म गाउँपालिकामा दर्ता भएको हुनु पर्ने छ साथै लेखापरिक्षण पश्चात सो बार्षीक प्रतिबेदन गाउँपालिकाको सामाजिक शाखामा बुझाउनु पर्ने छ।

(ट) यस कोषको खाता संचालन यस कोषको संयोजक र सदस्य सचिवको शयुक्त दस्तखतमा हुने छ।

## परिच्छेद–४

## कर्मचारी व्यवसथापन

(क) गरिवी निवारण तथा सामाजिक परिचान कार्यविधि संचालन व्यवस्थानको लागि निर्देशक समितिले आवश्यक कर्मचारी करारमा नियुक्ति गरि परिचालन गर्न सक्ने छ।

(ख) यसरी राखिएको कर्मचारीको तलव भत्ता तथा अन्य सुविधा घुम्ति कोषबाट आएको व्याजको रकमबाट व्यहोरिने छ।

(ग) कर्मचारी नियुक्ति वा सेवा सुविधाको सम्बन्धमा सम्पुर्ण अधिकार निर्देशक समितिमा निहित हुने छ।

(घ) प्राविधिक तथा प्रविधि परिचालनको लागि गाउँपालिकामा क्षेत्रगत रुपमा विधमान भएको जनशक्तिलाई परिचान गरिने छ।

## परिच्छेद–५

## निर्देशक समिति गठन सम्बन्धमा

(क) गरिवी निवारण तथा सामाजिक परिचालन कोषको कार्यविधि २०७६ को व्यवस्थापन संचालन अनुदान तथा ऋणको परिचालन अनुगमन नियमन संस्थागत सुधार क्षमता विकास क्षेत्रमा आवश्य सल्लाह सुझाव निर्देशन नियमन दर्ता खारेजी सम्बन्धमा आवश्यक निर्णय लिन तपशिल बमोजिम

एक समिति गठन गरिने छ।

१. गाउँपालिकाका उपाध्यक्ष -१ संयोजक

२. सामाजिक विकास समिति संयोजक -१ सदस्य

३. प्रमुख प्रशासकीय अधिकृत -१ सदस्य

४. सहकारीहरु मध्ये समितिले छानेको कम्तिमा १ जना महिला सहित २ जना -सदस्य

५. समुह मध्येबाट समितिले मनोनित गरेको १ जना -महिला सदस्य

६. सामाजिक विकास शाखा प्रमुख -सदस्य सचिव

**संरक्षक**

गाउँपालिका अध्यक्ष - संरक्षक

## परिच्छेद–६

## विविध

(क) गरिवी निवारण तथा सामाजिक परिचाल कोषको छाप गोलाकार भित्र दुई हात मिलाएको विचमा

(ख) बाधा अडकाउ फुकाउ अधिकारः यस गाउँपालिकाको गाउँ कार्यपालिकाको हुने छ।

(ग) अन्य व्यवस्थाः संघीय सरकार प्रदेश सरकार र गरिवी निवारण तथा सामाजिक परिचालन सम्बन्धि प्रचलित कानुन बमोजिम हुने छ।

**प्रमाणीकरण मितिः २०७६।०८।२०**

**आज्ञाले,**
**कृष्ण हरि न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**